लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ

# प्रेस विज्ञप्ति- २४२
# Press Release-242

मिति: २०७५।०९।१५ गते।

## लागू औषध सहित ९ जना मानिस पक्राउ

मिति २०७५/०९/१३ गते लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला बर्दिया मधुवन न.पा.वडा नं. ६ बस्ने बर्ष ३० को शंकर कुमार बि.क.लाई **लागू औषध खैरो हेरोईन ५० ग्राम** सहित का.जि.का.म.न.पा.वडा नं. १४ कलंकी मकालु आयल स्टोरको अगाडीबाट पक्राउ गरिएको।

लागू औषध नियन्त्रण व्यूरो कोटेश्वरको विशेष सूचना र निर्देशनको आधारमा लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय काकरभिट्टा, झापाबाट खटिइएको प्रहरी टोलीले मिति २०७५।०९।१५ गते जिल्ला झापा दमक न.पा.वडा नं. ६ बस्ने ३६ को संग्राम लिम्बु आङ्देम्बे, जि.झापा अर्जुनधारा न.पा.१०बस्ने बर्ष ४२ को भिम बहादुर अधिकारी,ऐ.ऐ.बस्ने निजको श्रीमती बर्ष ३८ की ओममाया खतिवडा (अधिकारी) र जि.झापा कचनकवल गा.पा.वडा नं. २ घर भई निज भिम बहादुर अधिकारी सँगै बस्ने बर्ष ३६ की रेवतीमाया डाँगी समेत गरी ४ जनालाई **लागू औषध खैरो हेरोईन २३३ ग्राम** सहित पक्राउ गरी आवश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा बुझाईएको छ।

विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय नेपालगंजबाट खटिईएको प्रहरी टोलीले मिति २०७५।०९।१३ गते जिल्ला बाँके नेपालगंज उ.म.न.पा वडा नं. ७ बस्ने बर्ष १९ को साहिद खान र ऐ.ऐ. बस्ने बर्ष १८ को सध्दाब खान समेत गरी २ जनालाई **लागू औषध खैरो हेरोईन ८ ग्राम ७५० मिलिग्राम** सहित पक्राउ गरी आवश्यक अनुसन्धानको लागि ईलाका प्रहरी कार्यालय कोहलपुरमा बुझाईएको र मिति २०७५०९।१४ गते जि.बाँके नेपालगंज उपमहानगरपालिका वडा नं. ३ बस्ने वर्ष २४ को ईसाक हलुवाईलाई **लागू औषध खैरो हेरोईन ५ ग्राम** सहित नेपालगंज उपमहानगरपालिका वडा नं. २ स्थित त्रिवेणीमोडबाट पक्राउ गरी आवश्यक अनुसन्धानको लागि जि.प्र.का बाँकेमा बुझाईएको छ।

विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय भैरहवाबाट खटिईएको प्रहरी टोलीले मिति २०७५।०९।१५ गते जिल्ला सिन्धुपाल्चोक मेलम्ची न.पा.वडा नं. ६ बस्ने बर्ष ३३ को रस्बिन नेपालीलाई **नियन्त्रित मनोद्विपक लागू औषध डाईजापाम- ३० एम्पुल, फेनारगन-३० एम्पुल, टालजेसिक-३० एम्पुल र नाईट्रोसन १० ट्याब्लेट** सहित पक्राउ गरी आवश्यक अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा बुझाईएको छ।

निजहरु उपर आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध ।

•••



लागू औषध खैरो हेरोईन



नियन्त्रित मनोद्विपक लागू औषध